# कौवा किन कालो ?




डा. कपिल लामिछाने

Digitized By:

साझा शिक्षा ई–पाटी
OLE NEPAL

www.pustakalaya.org
www.olenepal.org




## कौवा किन कालो ?

| | | |
|---|---|---|
| लेखन | : | डा. कपिल लामिछाने |
| सम्पादन | : | विनय कसजू |
| चित्राङ्कन | : | बिनिता बुद्धाचार्य |
| प्रकाशक | : | विवेक सिर्जनशील प्रकाशन प्रा.लि. |
| संस्करण | : | पहिलो २०७० वैशाख |
| सङ्ख्या | : | २००० प्रति |
| कम्प्युटर सेटिङ | : | समन श्रेष्ठ |
| सर्वाधिकार | : | लेखकमा |
| ISBN | : | 978-9937-31-109-0 |
| मुद्रण | : | मोस प्रिन्टर्स प्रा.लि. |


# भूमिका

लोकसाहित्य बालसाहित्यको खजाना हो। विश्वका विभिन्न भाषामा लोकसाहित्यलाई बालसाहित्यमा उपयोग गर्ने काम धेरै पहिलेदेखि गर्दै आएको छ। बालसाहित्य सर्जकहरूले लोककथाका आधारमा आधुनिक तथा रमाइला बालकथा सिर्जना गरिरहेका छन्। नेपाली लोकसाहित्यमा पनि बालसाहित्यलाई उर्वर बनाउने धेरै सामग्री छन्। तर तिनको उपयोग बालसाहित्यमा पर्याप्त मात्रामा भएको छैन। मानवीय विविधताको धनी नेपालका विभिन्न जातजाति, समुदायमा अलौकिक जीवका रहस्यमय लोककथाहरू प्रचलित छन्। ती कथालाई आधुनिक तरिकाले उपयोग गरेर नेपाली बालसाहित्यलाई सम्पन्न बनाउन सकिन्छ। यही धारणा लिएर विवेक सिर्जनशील प्रकाशन प्रा.लि.ले लेखकहरूको कार्यशाला आयोजना गरी विभिन्न समुदायमा प्रचलित लोककथालाई बालकथामा ढाल्ने प्रयास गरेको थियो। बालसाहित्य सर्जक विनय कसजूले कार्यशाला सञ्चालन गर्नु भएको थियो। प्रस्तुत पुस्तक सो कार्याशालामा अभ्यासको क्रममा सिर्जना भएका चित्रकथाका पुस्तकहरूमध्ये एक हो। यसले विभिन्न समुदायका लोककथालाई जीवन्त राख्न र बालबालिकाहरूलाई लोक सँस्कृतिसँग परिचित गराउन सघाउने विश्वास लिएका छौं।

**विवेक सिर्जनशील प्रकाशन**

# कौवा किन कालो ?



लेखक

डा. कपिल लामिछाने


चित्राङ्कनकर्ता

बिनिता बुद्धाचार्य

विवेक सिर्जनशील प्रकाशन प्रा.लि.


काठमाडौं

कौवा - का....का....का !



सुन्दरी - सुबोल ! सुबोल !! एका बिहानै

किन कराएको होला ?



कौवा – आँखामा कालो किन दलेको ?


सुन्दरी – गाजल लगाएको नि । यो लगाएर म कति राम्री भएँ, देख्यौ ?


कौवा – कालो लाएर पनि राम्रो भइन्छ र ?


कौवा – का ! का !!
त्यति राम्रा लुगा
लगाएपछि फेरि
कालो टालो किन
बाँधेको ?

महिला – यो टालो होइन, कर्म्यु
हो । यो लगाएपछि म
झन् राम्री भइनँ त ?




कौवा – का ! का !! यति राम्रो
घरको झ्याल र ढोकामा
किन कालो पोतेको ?
घरवाला – कालो रङ
लगाएपछि यी झ्याल
ढोका कति राम्रा
देखिए ! देखेनौ ?
बलिया पनि भए नि ।
ओहो कालो रङले राम्रो मात्रै
होइन बलियो पनि बनाउने रहेछ ।


कौवा – का ! का !! त्यो चित्रमा कालो रङ किन लगाएको ?
घरवाला – यो पुरानी भरेको । पुरानी भरेपछि
घर राम्रो चिटिक्क परेको देखेनौ ?



कौवा - ए आमै के गर्न लाग्नु भएको ?

महिला - मास सुकाउन लागेको देखेनौ ?

कौवा - किन मास सुकाउनु भएको ?

महिला - मस्यौरा बनाउन लागेको नि ।
कालो मासको मस्यौरा कति
मिठो हुन्छ, थाहा छैन ?

कौवा - मलाई पनि अलिकति मस्यौरा
दिनुस् न आमै ।

आमै - पानी पार्ने बादललाई बोलाएर
ल्याऊ अनि दिउँला ।




कौवा – का ! का ! बादलु दाइ कता जान लागेको ?

बादल – म हिमालतिर जान लागेको ।

कौवा – पानी नपरेर खेतीपाती बिग्र्यो रे । तिमीलाई गाउँलेले डाकेका छन् ।

बादल – म त सक्दिनँ । मलाई हिमालमा पुग्न हतार छ । बरु कालो बादललाई बोलाऊ ।





कौवा – का ! का ! बादलु दाइ कता जान
लागेको ?

बादल – पल्लो खेतमा पानी लाउन जान
लागेको ! किसानले बोलाइरहेका छन् ।

कौवा – मानिसहरू तिमीलाई मन पराउँछन् ?

बादल – मलाई देख्यो कि किसान खुसी हुन्छन् ।
जीवजन्तु र चराहरू पनि खुसी हुन्छन् ।





कौवा - अनि सेतो बादललाई रुचाउँदैनन् त ?

बादल - त्यो अल्छीले कहिल्यै पानी पार्दैन ।


जहिले पनि हतार छ भन्छ, दगुरी राख्छ ।

त्यस्तालाई कसले मन पराओस् ?

कौवा- त्यसो भए सेतोभन्दा कालो बेस हो त ?


म पनि कालो बन्छु ।







कौवा – का ! का ! मलाई पनि
कालो हुन मन लाग्यो ।
अलिकति गाजल मलाई
देऊ न ।

सुन्दरी – गाजल त आँखामा
लाउन पो हो त ।
तिम्रो जिउमा दल्न
त पुग्दैन । जाऊ,
कपडा रङाउने
छिपासँग माग ।


यति रङले कति
पुग्ला र कल्स्याउँदो मात्र
भइन्छ कि क्या हो ।
अब के गर्ने होला ?


ए बल्ल पो अक्कल आयो । अब चाहिँ कसो कालो नभइएला ।

कौवा - ड्रमभरि रङ।
अब चाहिँ
म पनि
कालो ! म
पनि सुन्दर !



कौवा – आहाई ! हुर्रे !




कौवा- आहा ! म कत्ति राम्रो !
बल्ल पो राम्रो भएँ ।




सुगा – ओहो कौवा ! कति राम्रो
भएको ?

कोइली – बल्ल मैले मसँग मिल्ने जोडी भेट्टाएँ ।
अब त यही कौवासँग बिहे गर्छु ।



सुगा र कोइली – लौ, नयाँ दुलाहा
दुलहीलाई शुभकामना र बधाई !



लेखक

**डा. कपिल लामिछाने**

डा. कपिल लामिछाने (जन्म वि.सं. २०१५) त्रि.वि.बाट नेपाली विषयमा स्नातकोत्तर (प्रथम श्रेणीमा प्रथम) तथा नेपाली गाउँखाने कथामा विद्यावारिधि गर्नुभएको छ। उहाँका कथा सङ्ग्रह -२, लघुकथा सङ्ग्रह-३, बालकथा सङ्ग्रह-८, बाल चित्रकथा-६, लामो कविता-१, बाल उपन्यास-२, समालोचना-५, अन्य-६ कृति प्रकाशित छन्। उहाँ नेपाली विषय प्राध्यापन गर्नुहुन्छ।



सम्पादक

**विनय कसजू**

विनय कसजू (जन्म वि.सं. २००४) नेपालको सूचना तथा संचारको क्षेत्रमा सुपरिचित नाम हो। उहाँ पत्रकार, साहित्यकार र बालसाहित्य सर्जक हुनुहुन्छ। सूचना र ज्ञानद्वारा जनतालाई बलियो बनाउने काममा उहाँ समर्पित हुनुहुन्छ। उहाँले पत्रकारिता, सूचना प्रविधि, तथा अन्य विषयका एक दर्जन र बालसाहित्यका दुई दर्जनभन्दा धेरै पुस्तक लेख्नुभएको छ। साथै विभिन्न विषयका दुई दर्जन जति पुस्तक सम्पादन गर्नुभएको छ।



चित्राङ्कनकर्ता

**बिनिता बुद्धाचार्य**

बिनिता बुद्धाचार्य (जन्म वि.सं. २०४५) नवोदित कलाकार हुनुहुन्छ। उहाँले धेरै सचित्र पुस्तकहरूमा चित्राङ्कन गर्नु भएको छ। केही पत्रिकामा नियमित रूपमा चित्राङ्कन गर्दै आउनु भएको छ। केही चित्रकला प्रदर्शनीहरूमा उहाँले भाग लिनु भएको छ। उहाँ ललितकला क्याम्पसमा स्नातक तेस्रो वर्षमा अध्ययन गर्दै हुनुहुन्छ।

मूल्य : रु. ७५/-

ISBN 9937-31-109-8

9 789937 311090

**विवेक सिर्जनशील प्रकाशन प्रा.लि.**

काठमाडौं, फोन नं. ०१-४४३७८८२, ४४१६८७५